# कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बयरवन, मोरङ, प्रदेश नं. १, नेपाल

(सामान्य प्रशासन शाखा)

पत्र संख्याः २०७८।०७९
च.नं. १८०३

मितिः २०७८।११।१३

विषयः कानेपोखरी अस्पतालका लागि करार सेवामा मेडिकल अधिकृत र ल्याब असिष्टेण्ट माग गरिएको सूचना।

कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७८।११।११ गतेको बैठकले कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ स्वीकृत गरी लागू गरेको छ। स्वीकृत नियमावली बमोजिम कानेपोखरी गाउँपालिका ४ नं. वडा, बयरवनमा चौविसै घण्टा चिकित्सा सेवा प्रवाह गर्ने गरी ५ शैयाको आधारभूत अस्पताल सञ्चालन गर्न लागिएको छ। उक्त अस्पतालको लागि स्वीकृत करार दरबन्दीभित्रको तपसिल बमोजिमका पदहरु करार सेवामा व्यवस्थापन गर्ने भनी कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७८।११।११ गते बसेको बैठकले निर्णय गरेको हुँदा इच्छुक योग्यता प्राप्त नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन, मोरङमा रीतपुर्वक आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पदको विवरण | माग पद संख्या | उपलब्ध गराइने न्युनतम सेवा/सुविधा | करार अवधि |
|---|---|---|---|---|
| ०४/०७८।०७९ | मेडिकल अधिकृत करार, अधिकृत आठौं | एक (१) | नेपाल सरकारले मेडिकल अधिकृत आठौं तहलाई उपलब्ध गराउने न्युनतम सेवा सुविधाका अतिरिक्त गाउँपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप थप मासिक पचास हजार रुपैंया समेत। | आ.व. २०७८।०७९ भर। आवश्यकता परे करार नवीकरण हुनसक्ने। |
| ०५/०७८।०७९ | ल्याव असिष्टेण्ट करार, सहायक चौथो | एक (१) | सहायक चौथो तहले पाउने न्युनतम सेवा/सुविधा मात्र। | आ.व. २०७८।०७९ भर। आवश्यकता परे करार नवीकरण हुनसक्ने। |

<u>आवश्यक न्युनतम योग्यताः</u> उल्लिखित दुवै पदका लागि लोक सेवा आयोगले निर्धारण गरे बमोजिमको न्युनतम योग्यता हुनुपर्नेछ।

<u>आवेदन दस्तुरः</u> मेडिकल अधिकृत (करार) को हकमा एक हजार रुपैंया र ल्याब असिष्टेण्ट (करार) को हकमा चार सय रुपैंया मात्र।

<u>छनोट प्रकृयाः</u> कानेपोखरी गाउँपालिकामा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ मा उल्लिखित सूचक बमोजिम।

अन्तर्वार्ता तथा परीक्षाको अन्य तालिका दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट सार्वजनिक गरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयका अधिकृत छैठौं श्री गोविन्द प्रसाद फुयल (सम्पर्क नं. ९८५२०८१०३३) सँग बुझ्न सकिनेछ।

२०७८।११।१३

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत